**नरैनापुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नरैनापुर, बाँके**
**५ नं. प्रदेश, नेपाल**

## नदिजन्य पदार्थ उत्खनन् गरी विकी वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान संम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१२/१३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था ,नरैनापुर गाउँपालिका भित्रको पन्नाहवा खोला र केरवानियाखोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा नरैनापुर कार्यालयको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजस्व अशुली सम्वन्धी काम आ.व. २०७५/०७६ मा ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म,व्यक्ति र कम्पनीहरुले बोलपत्र खरिद गरि तोकिएको मिति र समयभित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि नरैनापुर गाउँपालिका गाउ कार्यपालिकाको कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण:**

| ठेक्का न.. | ठेक्काको नाम | आ.व. ०७५/०७६ को लागि निर्धारित बालुवा, मोरङ्ग आदि (स्वीकृत खानी क्षेत्र बाहेक ) संकलन तथा विकी परिणाम (घनफिटमा ) | आ.व. ०७५/०७६ को लागि निर्धारित बालुवा , मोरङ्ग आदि ( स्वीकृत खानी क्षेत्र बाहेक ) प्राकृतिक श्रोत विकी शुल्क रु. प्रति घनफिट | बालुवा, मोरङ्ग आदि (स्वीकृत खानी क्षेत्र बाहेक ) प्राकृतिक श्रोत विकी शुल्क वाफत हुने कुल न्यूनतम अंक (कर र भ्याट बाहेक ) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| राजस्व ०१/०७५/०७६ | नरैनापुर गाउपालिकाको क्षेत्राधिकार भित्र पर्ने पन्नाहवा खोला र केरवानियाखोलाको गिट्टी, वालुवा र मोरङ्ग उत्खनन्, संकलन तथा विक्री वितरण । | २३,५३,७२२ (तेइस लाख त्रिपन्न हजार सात सय बाइस घनफिट ) | रु. ६।– (छ रुपैया) | १,४१,२२,३३२।– (एक करोड एकचालीस लाख बाईस हजार तिन सय बतीस रुपैया मात्र ) | ३०००।– (तीन हजार रुपैया ) | कबोल अंकको ५(पाँच) प्रतिशत |

**ठेक्का सम्वन्धि शर्तहरु:-**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरी फारममा उल्लेख गरीएको सम्पुर्ण विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खामबंदी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको विवरण, प्रोपराईटरको नाम, ठेगाना, मोवाइल नं. स्पष्ट रुपमा भरी फर्मको छाप लगाई तोकिएको समयावधी भित्र पेश गर्नुपर्नेछ ।

२. ठेक्का अवधि आ.व. २०७५/०७६ जेठ मसान्तसम्म रहनेछ । बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईनेछैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन ।

३. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर १३ प्रतिशत राजश्व ठेक्का लिने फर्मले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेकों अंकको ५ प्रतिशत रकम यस कार्यालयको नरैनापुर स्थित सनराईज बैक लि.मा रहेको धरौटी खाता नं. ०७४०४८८०८७७०१००४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशतसम्म रकम छुट दिन सकिनेछ, तर नियमानुसार लाग्ने मूल्य अभिबृद्धि कर प्रयोजनको लागि भने छुट दिईनेछैन ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाहि हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएका नरैनापुर गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

**९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र रितपुर्वक यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे नरैनापुर गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।**

१०. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोलिने कार्य गरिनेछ ।

११. एक फर्म वा संस्थाको नाममा खरीद गरीएको फारम अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

१२. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरीनेछ ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएका आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिनेछैन ।

*आय ठेक्का सम्बन्धि अन्य शर्तहरु:-*

१. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | संम्झौता गर्न आउनु भनी पत्राचार भएको पत्रमा उल्लेखित मिति भित्र | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७५ साल बैशाख मसान्त भित्र | कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम |

२. ठेक्का कबोल गर्ने ठेकेदारले नरैनापुर गाउँपालिकाले तोकिएको राजस्व उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाएमा नियमानुसार कारवाही गरिनेछ ।

३. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरेको रकम बिक्री तथा निकासी आय खातामा मूल्य अभिवृद्धि करको हिसाव निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद बार्षिक रुपमा नरैनापुर गाउँपालिकामा बुझाउनुपर्नेछ ।

४. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ । साथै दररेट सहितको साईनबोर्ड सबैले देख्नेगरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

५. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. नरैनापुर गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिनभरी प्रयोग गरेको गिटी, बालुवा, ग्राभेल, आदी र विदेशी दातृ निकायसँग भएको करछुट सम्बन्धि सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन ।

७. प्रचलित ऐन नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

८. गिटी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको आ.ई.ई. प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन् गर्न पाईनेछ ।

९. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरको बिचमा खोलिनेछ तर, बोलपत्रदाता वा निजको प्रतिनिधि सो कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१०. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसाय नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धिकर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि पेश गर्नुपर्नेछ ।

११. बोलपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी नरैनापुर गाउपालिकाको कार्यालय, बाँकेबाट खरिद गरी पेश गर्न सकिनेछ ।

१२. गिटी, बालुवा, आदिको संकलन उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, नरैनापुर गाउँपालिका स्तरीय अनुगमन समितिले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१३. गिटी, बालुवा, आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्न र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

१४. बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्राप्त गरी तोकिएको समय भित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्ने छ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुने छ ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

**१६. खोलाको थप बिबिरण जानकारीका लागि विड डकुमेन्टमा दिईएको छ ।**

१७. जानकारीको लागि यस कार्यालयको वेवसाइट www.narainapurmun. gov.np मा समेत हेर्न सकिने छ ।

..............................

दल बहादुर बस्नेत

प्रमुख प्रशासकिय अधिकृत